# नेपाल मेडिकल काउन्सिलको अस्थायी दर्ता प्रमाणपत्र (Temporary Registration) का लागि दरखास्त आवेदन गर्दा पूरा गर्नुपर्ने विधिहरु

नेपाल मेडिकल काउन्सिलको अस्थायी दर्ता प्रमाणपत्र (Temporary Registration) का लागि आवेदन दिँदा तपशील बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछ :

१. नेपाल मेडिकल काउन्सिलको वेवसाइट www.nmc.org.np खोली दाँया सिरानमा भएको login/sing up थिचेर आवश्यक विवरण भरी sign up गर्ने ।

२. sign up गरेपछि आफ्नो मोबाईलमा आएको OTP code राखी रुजु गर्ने । तपाईंको user ID मोबाईल नम्बरका आधारमा तयार हुनेछ ।

३. त्यसपछि आफ्नो user ID मा मोबाइल नम्बर र password राखी log in गर्ने । log in गरेपछि PROFILE पाना खुल्दछ ।

४. PROFILE पानामा दिईएका बिकल्पहरु अस्थायी दर्ता/स्थायी दर्ता/विशेषज्ञ दर्ता/परीक्षा आवेदन मध्ये आफुलाई आवश्यक बिकल्प अस्थायी दर्ता (temporary registration) छानी नेपाल मेडिकल काउन्सिलको लाईसेन्स परीक्षा दिएको मिति छानेर view result थिच्ने ।

५. आफ्नो नाम र लाईसेन्स परीक्षाको रोल नम्बर भरेर search गरेपछि परीक्षामा उत्तिर्ण भएको विवरणहरू देखिन्छन् । अनि apply for certificate मा थिच्ने ।

६. लाईसेन्स परीक्षाको फारम भर्दा राखिएको मोबाइल नम्बर वा इमेलमा पुन: OTP code प्राप्त हुनेछ । उक्त OTP Code भरेर confirm गरी submit गर्ने ।

७. खुलेको फाराममा क्रमश: राख्नुपर्ने आवश्यक विवरणहरू गल्तिनगरी भर्ने, प्रमाणपत्रशरु scan गरेर तोकिएको ठाउँमा attach गर्ने र submit गर्ने ।

८. दरखास्त शुल्क eSewa को माध्यमबाट तिर्ने । eSewa account हुनेको हकमा आफ्नो account log in गरि तिर्ने र eSewa account नहुनेले pay later मा click गरी प्राप्त token number लिई अन्य कसैको eSewa account बाट token number राखि दस्तुर तिर्ने ।

९. काउन्सिल admin बाट फाराम verify भएको जानकारी एस.एम.एस.बाट प्राप्त भएपछि प्रमाणपत्र बन्ने प्रकृया सुरुहुन्छ ।

१०. प्रमाणपत्र तयार भएको जानकारी एस.एम.एस.बाट पठाईनेछ । तोकेबमोजिमको समयमा सक्कल कागजातहरू लिई आफ्नो प्रमाणपत्र लिन काउन्सिलमा सम्पर्क गर्ने ।




Login
Username (Mobile Number)
Password
REMEMBER ME
SIGN IN
Not Registered yet? Sign Up
Forgot Password?
Sign Up
Full Name
Full Name
Username (Mobile Number)
superadmin@nmc.org.np
Email
Email
Password
Password Confirmation
Confirm Password
REGISTER
Already have account? Sign I
Enter the OTP code that is sent to your email, or to your mobile number.
CONFIRMATION CODE
Submit
Profile
Temporary Registration
Permanent Registration
Special Registration
Apply Exams
Change Password
Logout

**अस्थायी दर्ता प्रमाणपत्र प्राप्त गर्नका लागि कार्यालयमा बुझाउनुपर्ने/रुजु गराउनुपर्ने कागजपत्रहरू**

**नेपालमा अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि**

क) *सक्कल प्रमाणपत्र/कागजपत्र*

- एस.एल.सी./एस.ई.ई. देखि माथि आफुले हासील गरेको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू
- नागरिकताको प्रमाणपत्र
- ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र
- नेपाल मेडिकल काउन्सिलले प्रदान गरेको परीक्षण दर्ता प्रमाणपत्र
- दर्ताका लागि आवश्यक आवेदन फारम, कबुलियतनामा, प्रतिज्ञापत्र र इन्टर्नसिप पूरागरेको विवरण भरिएको फारम

ख) *स्थायी दर्तावाल चिकित्सकबाट प्रमाणित प्रतिलिपीमा सक्कल बमोजिम नक्कल ठीक छ भनि आफैले समेत प्रमाणित गरेको फोटोकपीहरु १/१ प्रति*

- ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र
- अध्ययन गरेको कलेज वा विश्वविद्यालयबाट छात्रबृत्ति वा नीजि वा कुन समुह अन्तर्गत अध्ययन गरेको हो सो को प्रमाणपत्र

ग) *अन्य कागजपत्रहरु*

- eSewa बाट भुक्तानी गरेको payment statement २ प्रति
- दर्ता प्रमाणपत्र (लाईसेन्स) परीक्षाको प्रवेशपत्र
- लाईसेन्स परीक्षा उत्तिर्ण भएको प्रमाण
- विवरण भरेपछि तयार भएको नमुना प्रमाणपत्र
- दर्ता प्रमाणपत्र परीक्षाको अनलाईन आवेदन दिंदा अपलोड गरिएको पासपोर्ट साईजको फोटो ३ प्रति ।

**विदेशमा अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि**

क) *सक्कल प्रमाणपत्र/कागजपत्र (रुजुगर्नका लागि)*

- एस.एल.सी./एस.ई.ई. देखि माथि आफुले हासील गरेको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू
- नागरिकताको प्रमाणपत्र
- ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र
- अध्ययन गरेको देशको काउन्सिल परीक्षण/अस्थायी दर्ता प्रमाणपत्र (तोकिएका देशहरुका लागि)
- दर्ताका लागि आवश्यक आवेदन फारम, कबुलियतनामा, प्रतिज्ञापत्र र इन्टर्नसिप पूरागरेको विवरण भरिएको फारम
- शिक्षा मन्त्रालयबाट प्रदान गरिएको नो अब्जेक्सन लेटर
- आवश्यकता अनुसार विदेश बसेको प्रमाणित हुने पासपोर्ट र भिषा

ख) *स्थायी दर्तावाल चिकित्सकबाट प्रमाणित प्रतिलिपीमा सक्कल बमोजिम नक्कल ठीक छ भनि आफैले समेत प्रमाणित गरेको फोटोकपीहरु १/१ प्रति*

- नेपाल मेडिकल काउन्सिलबाट प्रदान गरिएको योग्यता निर्धारण प्रमाणपत्र ( इलिजिविलिटी प्रमाणपत्र)
- स्नातक तहमा आफुले हासील गरेको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू
- ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र
- अध्ययन गरेको कलेज वा विश्वविद्यालयबाट छात्रबृत्ति वा नीजि वा कुन समुह अन्तर्गत अध्ययन गरेको हो सो को प्रमाणपत्र
- अध्ययन गरेको देशको काउन्सिल परीक्षण/अस्थायी दर्ता प्रमाणपत्र (तोकिएका देशहरुका लागि)
- आवश्यकता अनुसार विदेश बसेको प्रमाणित हुने पासपोर्ट र भिषा
- आवश्यकता/तोकिएअनुसारको भाषा परीक्षा उत्तिर्ण प्रमाणपत्र

ग) *अन्य कागजपत्रहरु*

- eSewa बाट भुक्तानी गरेको payment statement २ प्रति
- दर्ता प्रमाणपत्र (लाईसेन्स) परीक्षाको प्रवेशपत्र
- लाईसेन्स परीक्षा उत्तिर्ण भएको प्रमाण
- विवरण भरेपछि तयार भएको नमुना प्रमाणपत्र
- दर्ता प्रमाणपत्र परीक्षाको अनलाईन आवेदन दिंदा अपलोड गरिएको पासपोर्ट साईजको फोटो ३ प्रति ।

**थप जानकारी**

- अपलोड गर्नुपर्ने कागजात २ एमबी भन्दा सानो साईजमा कलर स्क्यान गरेको हुनुपर्नेछ । श्याम-स्वेत रंगको, फोटो खिचेर पठाएको, चौकुना नमलिको, अस्पष्ट, बांगोटिंगो प्रमाणपत्र मान्य हुनेछैन ।
- प्रमाणपत्र तयार भएपछि प्रमाणपत्र लिन एस.एम.एस.बाट जानकारी गराइनेछ ।
- काउन्सिलबाट जारी हुने प्रमाणपत्र लिनको लागि सम्बन्धित चिकित्सक स्वयं उपस्थित हुनुपर्नेछ । प्रमाणपत्रमा सम्वन्धित चिकित्सकको नमूना हस्ताक्षर नभईकन प्रमाणपत्र उपलब्ध गराइने छैन ।
- नमुना प्रमाणपत्रमा गल्ती देखिएमा आँफैले सच्याउन सकिनेछ । तर रुजु भएको प्रमाणपत्र काउन्सिलबाट तयार भएपछि प्रदान गरिएको प्रमाणपत्र सच्याउनु परेमा रु. १,०००।- (रु. एकहजार) दस्तुर लाग्नेछ ।
- परीक्षाको प्रवेशपत्र हराएमा प्रतिलिपीका लागि रु. ५००।- (रु. पाँचसय) दस्तुर लाग्नेछ ।